युथ एक्सन नेपालको संयोजन र दुई दर्जन संस्थाहरुको संयुक्त आयोजनामा आज राष्ट्रिय युवा स्वयंसेवक सम्मेलन विश्वभाषा क्याम्पस, काठमाण्डौमा सम्पन्न भएको छ । सम्मेलनमा देशभरीका तिन सय जना युवा स्वयंसेवकहरुको उपस्थिती रहेको थियो । देशका विभिन्न विस जिल्लामा भएका छलफल र अन्तर्कृयाको सुझाव निष्कर्ष प्रस्तुत गरिएको यस सम्मेलनमा स्वयंसेवा र सामाजिक क्षेत्र, आर्थिक क्षेत्र, राजनीतिक क्षेत्र तथा राष्ट्रिय नीति तथा कार्यक्रमका सम्वन्धमा छलफल गरिएको थियो । कार्यक्रममा सरकारी तथा गैरसरकारी क्षेत्रमा लामो समयदेखी स्वयंसेवाका क्षेत्रमा कार्यरत विषयविज्ञ तथा अनुभवीहरुको समेत उपस्थिती रहेको थियो । कार्यक्रमको अन्त्यमा १२ बुँदे नयाँ नेपाल घोषणा पत्र सार्वजनिक गरिएको थियो । घोषणापत्रको विस्तृत विवरण निम्नानुसार रहेका छ ।

**राष्ट्रिय युवा स्वयम्सेवक सम्मेलन–२०६५, काठमाण्डौं**

परापूर्वकालदेखि स्वतः स्फूर्त रुपमा गाँउघरमा पाटी पौवा, धारा कुवा, बाटो आदि विकास निर्माणका कार्यमा सामुदायिक रुपमा सहभागी हुने गरेको मौलिक इतिहासलाई मनन गर्दै,

ग्रामीण तहदेखि राष्ट्रिय तहसम्म सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले संगठित रुपमा गरिरहेका सामाजिक सेवाका कामहरुको उच्च मूल्यांकन गर्दै,

नयाँ नेपालको परिकल्पनालाई वास्तविक रुपमा साकार पार्न स्वयम्सेवालाई व्यवस्थित गर्न, प्रभावकारी बनाउन, युवालाई स्वयम्सेवाप्रति आकर्षित गर्न र स्वयम्सेवकको योगदानको सम्मानका लागि सरकारी तवरबाटै स्वयम्सेवा नीतिको व्यवस्था गर्नु पर्ने आवाजलाई सम्मान गर्दै,

नयाँ नेपालको निर्माण युवाहरुको स्वयम्सेवाबाट मात्र सम्भव छ र त्यसका लागि युवाको ज्ञान, सीप र समयलाई राष्ट्र निर्माणमा लगाउनु पर्ने कुरालाई आत्मसात गर्दै,

देशभरीबाट उपस्थित हामी युवा स्वयम्सेवकहरु १२ बुँदे निम्नानुसार नँया नेपाल घोषणा पत्र जारी गर्दछौं ।

1. स्वयम्सेवालाई राष्ट्र निर्माणको आधार तयार गर्न, विभिन्न क्षेत्रमा स्वयम्सेवकका रुपमा काम गरिरहेका व्यक्तिहरुको कामलाई व्यवस्थित बनाउन र सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत स्वयंसेवक विच आपसी सहकार्य निर्माण गर्न सरकारले स्वयम्सेवा सम्बन्धी छुट्टै राष्ट्रिय नीतिको तत्काल निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।
2. सरकारको तर्फबाट स्वयंसेवाको प्रवर्धन गर्ने, समन्वय गर्ने जिम्मेवारी राष्टिय विकास स्वयंसेवक संस्था (NDVS) लाई दिइएको छ । स्वयंसेवालाई थप व्यवस्थित गर्न यस निकायलाई थप व्यवस्थित वा नयाँ निकायको व्यवस्था गरिनु पर्ने हो वा होइन भन्ने सम्वन्धमा नीतिगत पुनमुल्यांकन गरी आवश्यक निर्णय गरिनु पर्दछ ।
3. नेपालमा लामो समयदेखि विभिन्न रुपमा भएका स्वयम्सेवा सम्बन्धी काम र योगदानको वास्तविक अध्ययन, अनुन्धान तथा त्यसको लेखाजोखा गरिनु पर्दछ ।
4. सरकारले स्वयम्सेवाका क्षेत्रहरुको पहिचान गर्नु पर्दछ । प्रत्येक नागरिकले निश्चित समय राष्ट्रका लागि स्वयंसेवक रुपमा दिने वातावरणको तय गरिनु पर्दछ, साथै यसरी राष्ट्र निर्माणमा योगदान पुऱ्याउने स्वयम्सेवकहरुको सम्मानका लागि राज्य स्तरबाट नै प्रयास हुनु पर्दछ ।
5. पहिचान गरिएका क्षेत्रहरुमा स्वयंसेवक वा स्वयंसेवक संस्थासँग समन्वय गरी सम्पन्न गर्ने कुरामा प्राथमिकता दिनु पर्दछ ।
6. कम्तीमा वर्षमा एकपटक विभिन्न क्षेत्रमा सक्रिय स्वयम्सेवकहरुको आपसी भेटघाट, अनुभव आदानप्रदान र भावी कार्यदिशा निर्माणका लागि स्वयम्सेवकहरुको राष्ट्रिय जमघट, भेला वा सम्मेलन देशका विभिन्न जिल्लाहरुमा आयोजना गरिनु पर्दछ ।
7. शिक्षालाई व्यावहारिक र वैज्ञानिक बनाउन स्नातक तह भन्दा माथिका सबै तह र विषयमा शैक्षिक स्वयंसेवाको व्यवस्था गरिनु आवश्यक छ । यस प्रकारको व्यवस्था प्राविधक अध्ययनका क्षेत्रमा समेत गरिनु पर्दछ । स्वयंसेवकका रुपमा निश्चित समय काम गर्न चाहने राष्टसेवकहरुका लागि समेत सेवा गणना हुने गरी विदा दिने व्यवस्था गरिनु पर्दछ ।
8. शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत युवा कार्यक्रममा युवा स्वयम्सेवकहरुको क्षमता विकास, सिकाई अनुभव आदानप्रदान र उनीहरुको कामलाई व्यवस्थित गर्नका लागि निश्चित कार्यक्रमहरु तय गरिनु पर्दछ । साथै यस प्रकारका कार्यक्रम गाँउकेन्द्रित हुनु पर्दछ ।
9. सामाजिक, साँस्कृतिक, धार्मिक वा अन्य विभिन्न रुपमा परम्परागत रुपमा भईआएका सामाजिक स्वयंसेवालाई व्यवस्थित र वैज्ञानिक वनाइनु पर्दछ । यस प्रकारका मौलिक ज्ञान र सीपलाई समेत पहिचान गरिनु पर्दछ ।
10. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा कार्यरत स्वयम्सेवकहरुबीच आपसी सम्बन्ध विस्तार र सञ्जालका लागि सम्बन्धित संस्थाहरुले पहल गर्नुपर्दछ । साथै सबै संस्थाहरुमा स्वयम्सेवक सम्बन्धी लिखित नीति तयार गरिनु पर्दछ ।
11. सञ्चार माध्यमहरुले समेत स्वयंसेवासँग सम्वन्धित काम, अभियान र प्रयासलाई प्राथमिकताका साथ स्थान दिनु पर्दछ ।
12. देशका विभिन्न भागहरुमा स्वयम्सेवककारुपमा कार्यरत स्वयम्सेवकहरुबीच सहकार्य, सम्बन्ध बिस्तार, अनुभव आदानप्रदान र क्षमता विकासका लागि सञ्जाल निर्माण गर्ने यो सम्मेलन निर्णय गर्दछ ।

**मिति** : जेष्ठ २५, २०६५ (जुन ७, २००८) **स्थान** : विश्व भाषा क्याम्पस, काठमाण्डौ

.......................................

आयोजक संस्थाहरुको तर्फबाट

नेपाल युवा स्वयंसेवक सम्मेलन सचिवालय

युथ एक्सन नेपाल, अनामनगर, काठमाण्डौं